# सूचना । सूचना ॥ सूचना ॥

उपरोक्त सम्वन्धमा यस वर्षको सुख्खा तथा हावाहुरीको मौसम सुरु भईसकेको हुँदा हावाहुरीको कारणले आगलागिको सम्भावना बढी हुने र त्यसबाट धनजनको क्षति तथा विपदका अन्य घटनाहरु घट्ने हुँदा आगलागिबाट बच्न तथा बचाउन तपसिलका कामहरु गर्नु हुन भगवतीमाई गाउँपालिकावासी सम्पूर्ण नागरिकको सचेतनाको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

**आगलागि हुन नदिने उपायहरु**

१. वनजंगलमा आगलागि नगरौं ।

२. हुरीबतास चलेको समयमा आगोको प्रयोग नगरौं । वनक्षेत्रको नजिक आगो सल्काउने तथा आगोजन्य कार्यहरु नगरौं ।

३. चुरोट विडी सल्काएर खाँदै नहिड्ने वा खाँदै नखाने, खानै परे आगो निभाएर मात्र त्यसको ठुटो फाल्ने गरौं ।

४. सलाई, लाइटर, मट्टीतेल, पेट्रोल, डिजेलजस्ता आगोले सजिलै सल्किने वस्तु सुरक्षित राख्ने र बालबालिकाले नभेट्ने गरी राख्ने ।

५. कुनै ठाउँमा आगलागि भएमा तुरुन्त सम्वन्धित निकायमा खबर गरौं र आफू पनि आगो निभाउने कार्यमा सरिक हौं ।

६. खाना पकाउन वा आवश्यक काममा आगोको प्रयोग होसियारीका साथ गर्नुपर्छ ।

**आगलागि भईहालेमा**

१ आगलागी भएको जानकारी गाउँसमुदायसम्म राम्ररी पुग्नेगरी कराउँदै वा सिट्ठी फुकेर जनसहभागिता जुटाउने

२ आगो फैलन नपाउँदै नियन्त्रणमा तत्कालै जुट्ने ।

३ आगलागी नियन्त्रण गर्ने स्रोत, साधनको सहीरूपमा उपयोग गर्ने ।

४ उपलब्ध जनशक्तिलाई लाइनबद्ध गर्ने र पानी, हरिया बोटबिरुवा, बालुवा, माटोजस्ता वस्तु एकले अर्कामा हस्तान्तरण गर्दै आगलागी भएको स्थानसम्म पु¥याउने ।

५. सबैले सहयोगको भावनाले काम गर्ने ।

६. स्रोतसाधन नभएका स्थानमा छेउछाउमा आगो बढ्न नदिनु नै आगो नियन्त्रणको सफलता भएकाले त्यसतर्फ ध्यान दिने ।

७. आगलागीमा परेका मानिसलाई सम्भव भए अवस्थाअनुसार कुदेर, पल्टँदै वा अन्य सुरक्षित तरिकाबाट बाहिर निक्लन लगाउने तथा सहयोग पुयाउने ।

८.आगोको घेराबाट निक्लन सम्भव नभएका पीडितलाई पानीले भिजेको कपडा दिने प्रयोग गर्ने र त्यस्तो कपडा शरीरमा बेरेर बाहिर निकाल्न सहयोग गर्ने ।

**भगवतीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**दैलेख ।**